# नारायण नगरपालिकाको हरित विद्यालय प्रवर्द्धन कार्यक्रम व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना : नारायण नगरपालिका भित्रका शैक्षिक संस्थाहरु र वारपर क्षेत्रमा व्यापक हरियाली विकास मार्फत पृथ्वीको वहनक्षमता अभिवृद्धि गर्न वातावरण प्रदुषणबाट जैविक विविधतामा परेको असर न्यूनिकरण गर्दै परिस्थितिक पद्दतिमा सन्तुलन कायम गर्न शिक्षाका माध्यमबाट विधार्थी तथा आमसमुदायमा वातावरण मैत्री व्यवहार विकास गर्न दिगो विकासको लक्ष्य हासिलका निम्ति विद्यालय तथा शैक्षिक संस्थाको परिसर तथा सेवा क्षेत्रमा व्यापक हरियाली प्रवर्धन गर्न **एक विद्यालय एक बगैचा तथा बृहत हरित क्षेत्र** निर्माणको कार्यलाई प्रभावकारी रुपले अगाडी बढाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यो ''हरित विद्यालय प्रवर्द्धन कार्यक्रम व्यवस्थापन कार्यविधि २०८२'' बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक:

१. **संक्षिप्त नाम र परिभाषा :**

१.१ यो कार्यविधिको नाम "नारायण नगरपालिकाको हरित विद्यालय प्रवर्द्धन कार्यक्रम व्यवस्थापन कार्यविधि २०८२" रहेको छ ।

१.२ यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

१.३ यसमा उल्लेख भएका प्रावधानहरु नारायण नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सरकारी सामुदायिक सेवामुलक संघसंस्था तथा सामुदायिक एवम् संस्थागत विद्यालय मार्फत सञ्चालन हुने शिक्षण संघसंसथाले यस कार्यविधिमा उल्लेखित प्रावधानहरु पालना गर्नु पर्नेछ ।

१.४ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१.४.१ "ऐन" भन्नाले नारायण नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्नेछ ।

१.४.२ "नगरपालिका" भन्नाले नारायण नगरपालिका, दैलेखलाई सम्झनु पर्दछ ।

१.४.३ "विद्यालय" भन्नाले नारायण नगरपालिका शिक्षा ऐन, २०७५ अनुसार अनुमति स्वीकृती लिएका सामुदायिक, संस्थागत विद्यालयहरुलाई सम्झनु पर्दछ ।

१.४.४ "कार्यक्रम" भन्नाले एक विद्यालय एक वगैचा निर्माण कार्यक्रम सम्झनु पर्दछ ।

१.४.५ "एक विधालय एक वगैचा व्यवस्थापन निर्देशक समिति" भन्नाले ३.१ अनुसारको गठित यस कार्यविधिको ३.२ अनुसारको कार्यक्रम कार्यान्वयन समितिलाई जनाउँदछ ।

१.४.६ "सम्पर्क शिक्षक" भन्नाले विद्यालयले एक विधालय एक बगैचा कार्यक्रमको विशेष जिम्मेवारी दिएको शिक्षकलाई सम्झनु पर्दछ ।

१.४.७ "बृहत् हरित क्षेत्र" भन्नाले विद्यालयको परिसर वा सेवा क्षेत्रभित्र रहेको खाली जग्गा वा सार्वजनिक जग्गा वा बुट्यान क्षेत्रभित्र विद्यालय र समुदायको प्रयासमा वृक्षारोपण गरी बनाइएको हरियालियुक्त क्षेत्र सम्झनुपर्छ र सो शब्दले हाल कायम रहेको हरयाली क्षेत्रलाई समेत जनाउँछ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -२

## कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरुः

२. नगरपालिकामा एक विद्यालय एक वगैचा तथा फुलवारी तथा वृहत हरित क्षेत्र निर्माण कार्यक्रमको मुख्य लक्ष्य हरेक विध्यालयमा कम्तीमा पनि एक फुलवारी निर्माण र विद्यालय सेवा क्षेत्रका सार्वजानिक स्वामित्वमा रहेकका खाली जमिनमा फूल वृक्षारोपण गरी हरियालीयुक्त वातावरण वनाउनु रहेकोछ ।

२.१ **कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय अनुसार रहेका छन् :

१. विद्यालयको वातावरण सफा शान्त सुरक्षित र हरियालीयुक्त बनाउने ।

२. विद्यालयलाई आकर्षक र मनोरम स्थलको रुपमा विकास गर्ने ।

३. विद्यालयलाई एक जीवित प्रयोगशाला (Living Laboratory) को रुपमा विकास गर्ने ।

४. विधार्थीहरुले प्राप्त गरेको शैद्धान्तिक ज्ञानलाई व्यवहारिक र जिवनोपयोगी बनाउने ।

५. विधार्थीहरुलाई परियोजनामा आधारित सिकाईका माध्यमबाट वास्तविक अनुभव दिलाउनका साथै आत्मनिर्भरतामा जोड दिने ।

६. प्रत्येक विद्यालयमा जैविक बगैंचा निर्माण गरी विधार्थीहरुलाई पोषक तत्व खानेकुराको ज्ञान सीप र अभिवृद्धिको विकासमा टेवा पुऱ्याउने ।

७. विद्यालयलाई उदाहरणीय हरित केन्द्रको रुपमा विकास गरी समुदायको लागि अनुकरणीय सिकाई केन्द्र बनाउने ।

८. विद्यालय सेवा क्षेत्रका खाली सार्वजानिक जग्गामा वृक्षारोपण गरी हरित क्षेत्र निर्माणमा सहयोग पुऱ्याउने ।

९. विद्यालय सेवा क्षेत्रभित्र वातावरण संरक्षण गर्न विधार्थी, शिक्षक अभिभावक र समुदाय परिचालन गर्ने ।

## परिच्छेद -३

## कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्थाः

३. **कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्थाः** हरित विद्यालय प्रवर्द्धन कार्यक्रम व्यवस्थापन ( एक विद्यालय एक फूलवारी व्यवस्थापन निर्माण) कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमको संगठनात्मक संरचना निर्माण र परिचालन गरिनेछ ।

३.१ **पालिका स्तरिय कार्यक्रम कार्यान्वयन समितिः** नगरपालिका प्रमुखको अध्यक्षतामा स्थानीय तहमा कार्यक्रमको कार्यान्वयन, व्यवस्थापन, सहजीकरण र रेखदेख गर्नको लागी कार्यक्रम सम्बद्ध सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी बढीमा ( १३ सदस्यीय तपसिलको पालिका स्तरिय कार्यक्रम कार्यान्वयन समिति रहनेछ :

| | |
|---|---|
| क। नगरपालिका प्रमुख | – अध्यक्ष |
| ख। नगरपालिका उपप्रमुख | – सदस्य |
| ग। सामीजक विकास समितिको संयोजक | – सदस्य |

प्रमुख प्रशासकीय अधिकृत

घ। प्रमुख प्रशासकिय अधिकृत – सदस्य
ङ। कृषि शाखा प्रमुख – सदस्य
च। पशु शाखा प्रमुख – सदस्य
छ। सामजिक शाखा प्रमुख – सदस्य
ज। विपद शाखा प्रमुख – सदस्य
झ। वातावरण शाखा – सदस्य
ञ। स्थानीय स्तरमा संचालित वातावरण संरक्षण क्षेत्रमा काम गर्ने संघ संस्था मध्ये समितिले तोकेको २ जना प्रतिनिधि – सदस्य
ट। उच्चतम विद्यालयको प्र.अ. – सदस्य
ठ। शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

३.२ **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः** प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा देहाय वमोजिमको एक विद्यालय एक फूलवारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष
(ख) सम्वन्धित वडा अध्यक्ष वा वडा समितिले पठाएको प्रतिनिधि एक जना - सदस्य
(ग) विद्यालयको प्रधानाध्यापक - सदस्य
(घ) शिक्षक अभिभावक संघको अध्यक्ष - सदस्य
(ङ) गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना - सदस्य
(च) वन उपभोक्ता समितिका अध्यक्ष र अभिभावकहरु मध्ये समितिले मनोनित गरेको कम्तीमा १ महिला सहित २ जना - सदस्य
(छ) विद्यालय इको क्लव अध्यक्ष - सदस्य
(ज) सम्पर्क शिक्षक - सदस्य सचिव

३.३ **इको क्लव सम्वन्धी व्यवस्थाः** एक विद्यालय एक फूलवारी निर्माण कार्यक्रमलाई प्रभावकारी रुपमा सहभागितामुलक तरिकाबाट सञ्चालन गर्न विधार्थी तथा अभिभावकहरु बीच सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न र विधार्थीबाट कार्यक्रम सञ्चालनमा सक्रिय भुमिका निर्वाह गर्न गराँउनका लागि प्रत्येक विद्यालयमा इको क्लव हुनेछ ।

३.४ इको क्लवको प्रमुख संरक्षक विद्यालयको प्रधानाध्यापक र सम्पर्क शिक्षक (Focal Teacher) संरक्षक रहने छन् ।

३.५ विद्यालयमा अध्यनरत विधार्थीबाट इको क्लव कार्यसमिति गठन गर्न सकिनेछ । उक्त कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ । पठनपाठन अवधि समाप्त भई वा अन्य कारणले इको क्लवको कार्यसमितिको पद रिक्त हुन गएको एक महिना भित्र पदपुर्ति गर्नु पर्नेछ । प्रत्येक २ वर्षको अवधि पुरा भए पछि इको क्लवको कार्य समिति क्लवको साधारण सदस्यको साधारण सभाबाट पुनर्गठन हुनेछ ।

३.६ आधारभूत तहमा बढीमा ९ जना र माध्यामिक तहमा ११ देखि १५ जना सम्मको कार्यसमिति सामुहिक छलफलको माध्यामबाट गठन हुनेछ । जसमा कन्तीमा ४० प्रतिशत क्षात्रा, बाँकि ६० प्रतिशत बाट बाकि कुल प्रतिशतको ४० प्रतिशत अपाङ्ग, यौनिक अल्पसंख्यक हुनेछ । अध्यक्ष १ उपाध्यक्ष १ सचिव १ कोषध्यक्ष १ बाँकी सदस्यमा चयन हुने छन् ।

३.७ हरित विद्यालय प्रवर्द्धन कार्यक्रम (एक विद्यालय एक फूलवारी क्षेत्र निर्माण कार्यक्रम) सक्रिय सहभागी भई उद्देश्य प्राप्तीमा सहयोग गर्न इको क्लवको कर्तव्य हुनेछ । इको क्लवको गठन प्रक्रिया, वैठक सम्वन्धी कार्यविधि, साधारण सदस्य, कोष सञ्चालन र अन्य काम कर्तव्य र अधिकार सो क्लवको विधानमा उल्लेख भए अनुसार हुनेछ ।

३.८ इको क्लवको आफ्नो छुट्टै कोष हुनेछ र उक्त कोषमा देहाय वमोजिमको रकम जम्मा गर्न सक्नेछ ।

(क) विद्यालयबाट प्राप्त अनुदान,

(ख) विधार्थीबाट प्राप्त सहयोग रकम,

(ग) अभिभावकबाट प्राप्त सहयोग रकम,

(घ) पूर्वविधार्थीबाट प्राप्त सहयोग रकम,

(ङ) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट प्राप्त अनुदान सहयोग रकम,

(च) शिक्षा प्रेमी व्यापारी प्रतिष्ठान उद्योगबाट प्राप्त सहयोग रकम,

(छ) विधार्थीले तयार पारेको सामाग्री विक्रीबाट प्राप्त सहयोग रकम,

(ज) इको क्लवबाट सञ्चालन नर्सरी, तरकारी, फलफूल, फूल जस्ता सामाग्री विक्रीबाट प्राप्त रकम,

(झ) विद्यालयको खेर गएको सामाग्री विक्री गरेर प्राप्त रकम,

(ञ) साधारण सदस्यबाट उठेको रकम र अन्य रकम ।

३.९ एक विद्यालय एक फूलवारी कार्यक्रम कार्यान्वयनका लागि गठित विभिन्न समितिको वैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

३.१० विभिन्न तहमा मनोनित सदस्यको पदवधि ३ वर्षको हुनेछ ।

## परिच्छेद -४

## हरित विद्यालय प्रवर्द्धन कार्यक्रम (एक विद्यालय एक फूलवारी कार्यक्रम) को कार्य क्षेत्र:

४. विद्यालय परिसर भित्र वगैचा तथा हरित क्षेत्र निर्माण सम्वन्धी कार्य क्षेत्र:

(क) विद्यालयमा हरित वगैचा,

(ख) विद्यालयमा हरित घेरवार (जैविक घेरवार),

(ग) औषधि जन्य जडिवुटी विरुवा वगैंचा,

(घ) सदावहार तथा मौसमी फूलवारी,

(ङ) छत, वरण्डा, करिडोर आदिमा गमलामा अर्नामेन्टल विरुवा तथा आर्कषक फुल विरुव,

(च) अन्य विभिन्न विरुवाहरु (धुपी, अशोका, साइकस, क्रिसमस ट्री आदि)

(छ) फलफूल विरुवाहरु (अम्वा, आँप, लिचि, स्याउ, नासपति आदि सहितको वगैंचा)

४.१ विद्यालय सेवा क्षेत्रमा रहेका खाली जग्गामा हरित क्षेत्र निर्माण सम्वन्धी कार्य क्षेत्र:

(क) सार्वजानिक तथा बाँझो सार्वजानिक जग्गामा विभिन्न किसिमका वृक्षारोपण,
(ख) तरकारी खेती,
(ग) फलफूल खेती,
(घ) काष्ठजन्य विरुवाहरु,
(ङ) जडिबुटी र औषधीजन्य बोटविरुवा,
(च) वृहत वृक्षारोपण,
(छ) बाटो तथा सडकको साइडमा उपयुक्त वृक्षारोपण र हरित सडक निर्माण,

४.१ अन्य कार्य क्षेत्र:
(क) इको पुस्तकालयको स्थापना,
(ख) जैविक संग्रहालय निर्माण
(ग) एकवारियम, हर्बेरियम निर्माण, संकलन र संरक्षण

## परिच्छेद -५
## हरित विद्यालय प्रवर्द्धन कार्यक्रम (एक विद्यालय एक फूलवारी कार्यक्रम) कार्यान्वयनको आधार र मापदण्डहरु:

५. हरित विद्यालय प्रवर्द्धन कार्यक्रम (एक विद्यालय एक फूलवारी कार्यक्रम) कार्यान्वयनको आधार र मापदण्डहरु:

५.१ विधार्थीको रुची क्षमता सिकाईस्तर विद्यालयको खाली जमिन हावापानी समेतको आधारमा विद्यालयको फूलवारी तथा हरित क्षेत्र निर्माणका लागि परिच्छेद ४ मा उल्लेखित क्षेत्र मध्ये कुनै एक वा सवै क्षेत्र तथा केही भेगका विद्यालय तथा सवै विद्यालय छनौट गरिनेछ ।

५.२ सवै विद्यालयले एक विद्यालय एक वगैंचा तथा वृहत हरित क्षेत्र निर्माण कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ । हरेक विद्यालयको परिसर भित्र कम्तिमा एउटा वगैंचा निर्माण गर्नु पर्नेछ ।

५.३ खाली जग्गा कम भएमा विद्यालयले गमला कौसी बोरा पर्खाल, बराण्डा छत लगायतको उपयुक्त स्थान र तरीका छनौट गरी बगैंचा निर्माण गर्नु पर्नेछ ।

५.४ विद्यालयका भवन कक्षा कोठा शौचालयले ओगेटेको जग्गाको अतिरिक्त १ रोपनी भन्दा कम जग्गा भए फूलवारी अर्नामेन्टल बिरुवा औषधिजन्य हर्वल विरुवाहरु रोप्नु पर्नेछ ।

५.५ खाली जग्गा ५ रोपनी सम्म भएका विद्यालयले फूलवारी औषधीजन्य रुखहरु तरकारी वगैंचा र फलफूल लगाउनु पर्छ । वगैचा वाहेक अन्य खालका बिरुवा लगाई हरित क्षेत्र निर्माण गर्नु पर्नेछ ।

५.६ खाली जग्गा २० रोपनी सम्म भएका विद्यालयले फूलवारी औषधीजन्य रुखहरु तरकारी वगैचा फलफूल लगाउनु पर्छ । सो भन्दा वढी खाली जमिनमा अतिरिक्त भौगोलिक अवस्था र सुरक्षा समेतलाई दृष्टिगत गरी माछापालन वा माहुरी पालन लगाएत अन्य व्यवसाय थप गर्न सकिने छ ।

५.७ विद्यालय परिसर विद्यालय सेवा भित्र वृक्षारोपण सरसफाई पानीका मुहान संरक्षण गर्नु पर्छ ।

नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

५.८ आफ्नो विद्यालयको विधार्थी अभिभावक समुदायमा वातावरण संरक्षण सम्वन्धी जनचेतना जगाउनु पर्नेछ ।

५.९ प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालयले बालि विज्ञान वा पशुपालन विषय सञ्चालन गरेको भए थप वगैंचा प्रयोगशालाको रुपमा तयार गर्नु पर्नेछ ।

५.१० विद्यालयले स्थानिय तह सामाजिक संघसंस्था गैरसरकारी संघसंस्था संग समन्वय र सहकार्यमा एक विद्यालय एक फूलवारी वगैंचा तथा वृहत हरित क्षेत्र निर्माण कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५.११ विद्यालयको आफ्नो स्वामित्वमा रहेको जग्गा लिजमा वा अन्य भाडामा दिन पाउने छैन ।

## परिच्छेद -६

## कार्यक्रम कार्यान्वयन प्रक्रिया:

६. नगरपालिकाबाट निर्देशिका तयार पारी आवश्यकता अनुसार संसोधन एवम् परिमार्जन गर्ने र हरेक विद्यालयलाई क्रमश: प्रोत्साहान अनुदानको व्यवस्था गर्ने ।

६.१ नगरपालिकाले यस कार्यक्रम कार्यान्वयनका लागि स्रोत पुस्तिका तयार पारी नगरपालिका स्तरमा प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

६.२ कार्यक्रमको अनुगमन नगरपालिकाबाट गर्ने र नगरपालिकाबाट विनियोजित रकमको रेखदेख व्यवस्थापन समन्वय सहजिकरण निरीक्षण अनुगमन गर्ने गराउने ।

६.३ सम्पर्क शिक्षकलाई समन्वय सहजिकरण्क अपसी सहयोगको वातावरण सिर्जना गर्ने ।

६.४ विद्यालयले पनि सम्पर्क शिक्षक तोक्ने आवश्यक स्रोत साधन संकलन र प्रयोग गर्ने, विद्यालयमा सरकारी गैरसरकारी संघसंस्था समन्वय सहकार्य गर्ने र बृहत हरित क्षेत्र निर्माणका लागि वृक्षारोपण गर्ने, संरक्षण गर्ने, बारवन्धन गर्ने, विरुवा हुर्काउने कार्य गर्ने ।

६.५ प्रत्येक विद्यालयले विधार्थीको इको क्लव वनाउने सो क्लवको कार्यसमिति गठन गरी पदाधिकारीलाई अभिमुखीकरण गर्ने क्लवको विधान तयार गरी कार्यान्वयन गर्ने र क्लवलाई परिचालन गर्ने ।

६.६ विषयवस्तु मिल्दो शिक्षण क्रियाकलाप तथा अतिरिक्त क्रियाकलाप र अन्य जीवन उपयोगी क्रियाकलाप सञ्चालनमा इको क्लव परिचालन गर्ने ।

६.७ सबै इको क्लवले आफ्नो विद्यालयको शैक्षिक तथा भौतिक अवस्थालाई दृष्टिगत गरी विधान तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत भएपछि लागु गर्ने । विधानको ढाँचा अनुसुचि १ अनुसार हुनेछ ।

६.८ हरेक विद्यालयबाट प्रस्ताव आव्हान गरी रकम निकाशा गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -७
## अन्य विविध व्यवस्था:

७. विद्यालयले समय समयमा मूल्याङ्कन गरी उत्कृष्ट विधार्थी सदनलाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

७.१ यस कार्यक्रममा शिक्षक कर्मचारी विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी कक्षा ४ देखी माथिका विधार्थी स्वेचिछिक रुपमा अभिभावक तथा स्थानिय शिक्षा प्रेमीहरुले भाग लिने छन् र कक्षा ४ भन्दा तलका विधार्थीलाई अवलोकन कार्यमा मात्र संलग्न गराउने छन् ।

७.२ विधार्थीहरुलाई पालै पाले भाग लिन लगाउने क्षमता र उमेरमो आधारमा विभिन्न शारीरिक कार्यमा प्रोत्साहान गर्ने रुचि अनुसारका कार्यक्रममा परिचालन गरिनेछ ।

७.३ शिक्षक कर्मचारी विधार्थीले विद्यालयको जग्गा पूर्वउपयोग नसकेमा उचित पारिश्रमिक दिई अन्य कामदार लगाउन सकिनेछ । सम्भव भए वगैंचाको आम्दानीबाट पारिश्रमिक दिई त्यसलाई दिगो बनाउने प्रयत्न गर्नु पर्छ ।

७.४ विद्यालयको वगैंचालाई सिकाई र मनोरन्जनसंग जोड्नु पर्दछ ।

७.५ विद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रममा सजावट, अतिथि सत्कार, सम्मान जस्ता कार्यमा आफ्नै वगैंचाको फूल र माला वोट विरुवा पात र अन्य वस्तुको प्रयोग गर्नु पर्छ ।

## परिच्छेद -८
## कार्यविधिको संसोधन र व्याख्या:

८. यो कार्यविधि संसोधन र परिमार्जन नारायण नगर कार्यपालिकाले गर्न सकिनेछ ।

८.१ यो कार्यविधि नारायण नगर शिक्षा ऐन. २०७५ संग वाझिएको हद सम्म अमान्य हुनेछ ।

८.२ यस कार्यविधिमा भएको प्रावधामा थप प्रस्ट गर्नु पर्ने भएमा नारायण नगर कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश,नेपाल

अनुसूची -१

**इको क्लवको विधानको ढाँचाः**

१. प्रस्तावनाः
२. इको क्लवको नाम र ठेगानाः
३. उद्देश्यहरुः
४. सदस्य प्राप्ती र समाप्तीः
५. साधारण सदस्यको काम कर्तव्य र अधिकारः
६. कार्य समिति गठनः
७. कार्य समितिको काम कर्तव्य र अधिकारः
८. बैठक सञ्चालन प्रक्रियाः
९. प्रमुख संरक्षकको काम कर्तव्य र अधिकारः
१०. संरक्षकको काम कर्तव्य र अधिकारः
११. आर्थिक व्यवस्था र कोष सञ्चालनः
१२. वार्षिक कार्यक्रम तयारी र स्वीकृतिः
१३. कार्य समिति विघटनः
१४. अनुगमन र मूल्याङ्कनः
१५. विधान संसोधनः
१६. क्लवबाट सम्पादन हुने मुख्य मुख्य कार्यक्रमहरुः
१७. विविधः

आज्ञाले,
बम बहादुर के.सी
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत